नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

फोन नं. ४२११९९१, ४२००५९५
फ्याक्स: ९७७-१-४२११८७७
अडियो नोटिस बोर्ड नं.: १६१८०१४२००५९५
इमेल: info@moless.gov.np
वेबसाइट: www.moless.gov.np

सिंहदरबार, काठमाडौं
नेपाल

पत्र संख्याः-
चलानीः-

# प्रेस विज्ञप्ति

प्रचलित वैदेशिक रोजगार ऐन, २०६४ बमोजिम वैदेशिक रोजगारीमा जाने नेपाली नागरिकले अनिवार्य रुपमा श्रम स्वीकृति लिनै पर्ने व्यवस्था रहेको व्यहोरा अवगत नै छ । एकपटक श्रम स्वीकृति लिई विदेशमा रोजगारीमा गएपछि श्रम स्वीकृतिको अवधि कायमै रहेको अवस्थामा नेपालमा फर्की पुनः सोही मुलुकको सोही काममा जाँदा पुनः श्रम स्वीकृति लिनु नपर्ने तर एकपटक लिएको श्रम स्वीकृतिको अवधि समाप्त भएपछि पुनः विदेशमा रोजगारीको लागि जानु परेमा श्रम स्वीकृति नवीकरण गर्नुपर्ने कानूनी व्यवस्था छ ।

वैदेशिक रोजगार ऐंन, २०६४ को मर्म अनुरुप विदेशमा रोजगारीमा रहँदा भवितव्य परी मृत्यु भएमा श्रम स्वीकृति लिंदा वैदेशिक रोजगार कल्याणकारी कोषमा दाखिला गरेको रकम र विदेश जानुपुर्व नेपालमा नै गरेको वीमाबाट निज मृतकको शवको व्यवस्थापन गर्ने र परिवारलाई कानूनले तोकेबमोजिमको सेवा सुविधा प्रदान गर्ने व्यवस्था छ । श्रम स्वीकृतिको अवधि सकिएपछि विदेशमा कुनै पनि कारणले मृत्यु भएमा वा अन्य कुनै अकल्पनीय घटना घटी गम्भिर विरामी भएमा कानून बमोजिम वैदेशिक रोजगार कल्याणकारी कोषको रकम र वीमवापतको रकम दावी गर्न सक्ने कानूनी व्यवस्था छैन ।

अतः विदेशमा रोजगारीका लागि जानु भएका सम्पूर्ण दाजुभाइ-दिदीबहिनीहरुमा आफूले लिएको श्रम स्वीकृतिको अवधि समाप्त हुनअघि नै वैदेशिक रोजगार विभागको वेबसाइट www.feims.gov.np मा Log-in गरी आफू कार्यरत रहेको मुलुकबाट नै श्रम स्वीकृति नवीकरण गरी नेपालको प्रचलित कानून बमोजिम आफू र आफ्नो परिवारले पाउने कल्याणकारी सेवा सुविधा उपभोग गर्नु/गराउनुहुन मन्त्रालय हार्दिक अपिल गर्दछ । यसको लागि वैदेशिक रोजगार कल्याणकारी कोष र वीमा वापत दाखिला गर्ने रकम सम्बन्धित देशमा रहेको आफ्नो बैंक खाताबाट सोझै नेपालमा रहेको वैदेशिक रोजगार बोर्ड र सम्बन्धित वीमा कम्पनीको खातामा सोझै रकम पठाउन सकिने गरी व्यवस्था मिलाइएको छ । आफ्नो श्रम स्वीकृतिको म्याद रहे/नरहेको व्यहोरा विभागको उक्त वेबसाइटमा गई चेकजाँच गरी म्याद समाप्त भएको वा हुने अवस्थामा रहेको श्रम स्वीकृति नवीकरण गर्नुहुनु सम्बन्धित सबैमा अनुरोध छ ।

मितिः २०७९ कात्तिक २८ गते

डा. थानेश्वर भुसाल
उपसचिव/सहायक प्रवक्ता